// अन्नपूर्ण गाउँपालिका

## स्थानीय राजपत्र

**बर्ष : ६ ,  खण्ड : १० ,          मिति :  २०७९  साल  श्रावण ३० गते**

भाग-२

**<u>नमूना फर्म निर्माणमा अनुदान वितरण सम्बन्धि कार्यविधि २०७९</u>**

स्थानीय तहमा बिनियजित भएका कृषि बिकास कार्यक्रम संचालन  सम्बन्धि कार्यविधि २०७९ अन्नपूर्ण गाउँपालिका वाट आ.व ०७९/०८० मा कृषि क्षत्रेको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि अन्नपूर्ण गा.पावाट कृषि शाखालाइ   विनियोजित भएको रकम मार्फत गर्ने कार्यक्रम हरुको कार्यन्वयन लाई व्यबस्थित,पारदर्शी,प्रभावकारी,अनुमान योग्य तथा प्रतिफलमा आधारित बनाउन अपरिहार्य भएकोले यो कार्यविधि बनाइएको छ।

**परिच्छेद १**

**प्रारम्भिक**

१. सक्षिप्त नाम र प्रारम्भ : १ यस कार्यबिधिको नाम स्थानीय तहमा बिनियोजित भए को बजेट कृषि बिकाश कार्यक्रम संचालन सम्बन्धि कार्यविधि
२. यो कार्यविधि स्वीकृत भए को मिति देखि प्रारम्भ हुनेछ

२.परिभाषा :बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधि

(क ) आनुदान भन्नाले स्थानीय तहबाट विनियोजित बजेट अनुसारको स्वीकृत कार्यक्रम बमोजिम कृषि क्षेत्रको उत्पादन ,प्रसोधन ,मूल्य अभिब्रिदी ,बजरिकरण,पुर्बाधार निर्माण .यान्त्रिकीकरण ,विविधिकरण ,ब्यसयिकरण ,आधुनिकीकरण,औधोगीकिकरण तथा गरिबी निवारण समेतका लागि छनौट भए का अनुदानग्राहिलाई प्रचलित कानुन अनुसार लेखा राख्ने लगायतका वित्तीय उत्तरदायी वहन गर्ने गरि प्रदान गरिने आर्थिक ,बस्तुगत ,सहायता .पूर्वाधार बिकाश वा उपलब्ध गराईने कृषि सामग्री र उपकरण सम्झनुपर्छ

(ख ) अनुदानग्राही भन्नाले यस कार्यविधि बमोजिम छनौट भए का कृषक,कृषि उधमी ,कृषक समूह ,कृषि सम्बन्धि सहकारी कृषिसंग सम्बन्धित समिति र कृषि ब्यवसाहीहरुलाई सम्झनु पर्छ

(ग ) कृषि शब्दले बालि ,बागवानी ,ब्यवसायिक किट आदिका उप –क्षेत्रसंग सम्बन्धित उत्पादन ,प्रशोधन उधोग एवं ब्यवसायलाई सम्झनुपर्छ ।

(घ ) कृषि सामाग्री भन्नाले कृषि उत्पादनमा प्रयोग हुने मल ,बिउ ,बेर्ना ,बिषादी ,जैविक पदार्थ तथा हर्मोन ,कृषि चुन तथा रसायन ,पोषक तथा शुक्ष्म तत्व ,कृषि औजार उपकरण लगायतका कृषि उत्पादन कार्यमा टेवा पुर्याउने अन्य सामग्री /बस्तुलाई समेत सम्झनुपर्छ

(ङ्) स्थानीय तह भन्नाले अन्नपूर्ण गाउँपालिकालाई सम्झनु पर्छ ।

(च) सम्बन्धित कार्यालय भन्नाले स्थानीय तहलाई सम्झनु पर्छ ।

३. **उदेश्य :** यस कार्यविधि बमोजिम संचालन हुने कार्यक्रमहरुको उदेश्यहरु देहाय बमोजिम हुनेछ:

(क) विनियोजित कार्यक्रमहरुको प्रभाबकारी कार्यान्वनमा सहजीकरण गरि एकरुपता कायम गर्ने।

(ख ) विनियोजित कार्यक्रमहरुको सम्बन्धमा सरोकारवालाहरुलाई सुसूचित गर्ने।

(ग) विनियोजित कार्यक्रमहरुको कार्यान्यन ,अनुगमन एव प्रगति प्रभाबकारी बनाउने।

## परिच्क्षेद -२
## कार्यक्रम र प्राबिधिक पक्ष

यस परिच्छेदमा आ .व २०७९ /८० मा गाउँपालिका बाट स्वीकृत भए को कार्यक्रमहरुको परिचय ,उदेश्य ,कार्यक्रम अन्तर्गत संचालन गर्न सकिने प्रमुख क्रियाकलाप ,पालना गर्नुपर्ने न्युनतम मापदण्डहरु जस्ता प्राबिधिक पक्ष हरुको बारेमा उल्लेख गरिएको छ ।

कार्यक्रमको नाम : मोडेल फर्म निर्माण सहयोग ५० प्रतिशत अनुदान कार्यक्रम

परिचय : मोडेल फर्म निर्माण कार्यक्रम अन्नपूर्ण गाउँपालिका बाट कृषि शाखालाई हस्तान्तरण गरिएको रकमबाट ब्रेकडाउन गरि मोडेल फर्म निर्माण सहयोग ५० प्रतिशत अनुदान कार्यक्रम कार्यान्यनका लागि यो कार्यक्रम संचालन प्रक्रिया तयार गरिएको छ ।

**उदेश्य :**

१.तरकारी उत्पादन तथा उत्पादकत्वमा बृदि गरि न्यून आय भए का कृषकहरुको आर्थिक स्तरमा सुधार गर्ने

२. ब्यबसायिक खेतिमा कृषकहरुको संलग्नता बढाई स्वरोजगार र आम्दानी बृदि गर्ने।

३. स्थापना भए को मोडेल फर्ममा मौसमअनुसारको तरकारी खेति १२ महिना उत्पादन हुनेछ।

लक्षित वर्ग : -कृषि फर्म / कृषक समूह / कृषि सहकारी /कृषि कम्पनि

गरिने प्रमुख क्रियाकलापहरु

१. स्थायी प्लास्टिकघर ६x १२ मिटर को हुनुपर्नेछ

२. स्थायी प्लास्टिकघर कम्तिमा ३ वटा बनाउनु पर्नेछ।

३. उक्त प्लास्टिकघर भित्र मौसमअनुसारको तरकारी खेति १२ महिना उत्पादन गर्नुपर्ने छ।

४. उक्त प्लास्टिकघर भित्र गरियका क्रियाकलापहरुको प्रत्येक चौमशिक मा गाउँपालिका कृषि शाखामा विवरण बुझाउनु पर्नेछ।

**मोडेल फर्म निर्माण कार्यक्रम ५० प्रतिशत अनुदानमा संचालन गर्नुपर्ने कृयाकलाप तथा प्रकृयाहरु**

मोडेल फर्म निर्माण कार्यक्रम ५० प्रतिशत अनुदान कार्यक्रम संचालन प्रक्रिया देहाय बमोजिम हुनेछन

१. सूचना को प्रवाह : अन्नपूर्ण गाउँपालिका कृषि शाखाले मोडेल फर्म निर्माण कार्यक्रम संचालन गर्दा अपनाउनु पर्ने आधारहरु स्थानीय तहको सूचना पाटि , वडा कार्यालयको सूचना पाटि गाउँपालिकाको आधिकारिक सामाजिक संजाल मार्फत अनुसूची १ बमोजिमको ढाचामा सूचना प्रवाह गराउनु पर्ने छ

२. आबेदन: उक्त कार्यक्रममा आबेदन दिने -कृषि फर्म / कृषक समूह / कृषि सहकारी /कृषि कम्पनि हरुले अनुसूची २ बमोजिमको ढाचा मा कृषि शाखामा आबेदन दिनुपर्नेछ। आयका अनुसूची २बमोजिमका निबेदनहरु कृषि शाखाले दर्ता गर्नु पर्नेछ।

३. छनोट प्रक्रिया : कृषि शाखाको अनुसूची ३ बमोजिमको कार्यक्रमबारे मागभइ आयका आबेदनहरु अनुसूची ६ बमोजिमको मुल्यांकन आधारमा कृषि शाखाले तोकियाका कर्मचारीहरुले स्थानको स्थलगत अबलोकन प्रतिबेदन तयार गरि अन्नपूर्ण गाउँपालिका कृषि शाखाले कार्यपालिकामा पेश गर्नु पर्नेछ।उक्त प्रतिबेदन कार्यपालिकाबाट छनोट भए पश्चात अनुसूची ४ बमोजिम सम्झौता गराई कार्यक्रम संचालन गरिन्छ।अनुदान रकम प्रवाह प्रक्रिया : अनुदान सहयोग रकम उपलब्ध गराउने प्रक्रिया देहाय बमोजिम हुनेछ मोडेल फर्मनिर्माणकार्यक्रमको लागि अनुदान रकम बैंक खातामा उपलब्ध गराउन सकिनेछ

अनुदानको हिसाबमा प्रति मोडेल फर्म रु १००००० सम्म अनुदान रकम उपलब्ध गरिने छ। गाउँपालिका कृषि शाखा संग सम्झौता भए पछी पहिलो किस्ता रु १०००००को ५० प्रतिशत रकम

अनुदान स्वरूप उपलब्ध गराइने छ| कार्यक्रम सम्पन्न भए पछी आवश्क कागजात तयार गरि दोश्रो किस्ताको भुक्तानीको लागि पेश गर्नुपर्नेछ। गाउँपालिका कृषि शाखाले अनुगमन गरि सन्तोषजनक रुपमा कार्यक्रम सम्पन्न भए को पाईएमा दोश्रो किस्ता रकम भुक्तानी दिईने छ।यस्तो अनुदान रकम व्यवसायिक तरकारी खेति आवश्क पर्ने स्थायी प्लास्टिकघर निर्माण बिउ ,मल ,बिसादी ,होर्डिङबोर्ड ,सिचाई पाइप जस्ता र अन्य कृषि क्षेत्रमा उपयोग हुने सामग्री आदिमा खर्च गर्न सकिन्छ।

**कार्य सम्पन्न प्रतिबेदन :** मोडेल फर्म कार्यक्रमको पूर्ण रुपले सम्पन्न भइ सकेपछि सम्बन्धित शाखाले अनुसूची ५ बमोजिमको दाचामा प्रतिबेदन पेश गर्नुपर्ने छ। छनोट भए का मोडेल फर्महरुले लगायको बालीहरुको बिमा कम्तिमा १वर्ष सम्म गर्नु पर्नेछ।

## अनुसुची – १

मोडेल फर्म निर्माण कार्यक्रम ५० प्रतिशत अनुदान कार्यक्रमको प्रस्ताव आह्वनको सूचना ढाचा

सूचना । सूचना । सूचना ।

प्रस्तुत बिषयका सम्वन्धमा अन्नपूर्ण गाउँपालिका कृषि शाखाको आ.व ०७८/०७९ को बार्षिक स्वीकृति कार्यक्रम मोडेल फर्म निर्माण कार्यक्रम ५० प्रतिशत अनुदान कार्यक्रम रहेको हुदा उक्त कार्यक्रममा सहभागी हुन अन्नपूर्ण गाउँपालिकामा रहेका कृषक,कृषि समुह, कृषि सह्कारी हरुले सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र अन्नपूर्ण गाउँपालिका कृषि शाखामा आवश्यक कागजात सहित निवेदन पेश गर्न हुन अनुरोध छ।

तपसिल

१ अनुसुची -२ अनुसारको आबेदन फारम।
२ अनुसूची -३ अनुसारको संक्षिप्त कार्य योजना।
३ नेपाली नागरिताको प्रतिलिपि
४ दर्ता प्रमाणपत्र को प्रतिलिपि प्यान/ करचुक्ता आदि।

## अनुसूची -२

मोडेल फर्म निर्माण कार्यक्रम ५० प्रतिशत अनुदान कार्यक्रममा अनुदान सहित प्राप्त गर्न दिइने आबेदन पत्र

श्रीमान् कृषि शाखा प्रमुख ज्यु
अन्नपूर्ण गाउँपालिका गाउँकार्यपालिका
माछापोखरी कास्की

बिषय - मोडेल फर्म निर्माण कार्यक्रम ५० प्रतिशत अनुदान कार्यक्रममा सहभागी हुन पाऊ बारे

उपर्युक्त विषयका सम्बन्धमा अन्नपूर्ण गाउँपालिका कृषि शाखाले मिति ........... गते प्रकासन सूचना अनुसार म ........; अन्नपूर्ण ................ निवाशी .................. कृषि फर्म / कृषि समूह / कृषि सहकारी / कृषि कम्पनि संचालन गर्दै आइरहेको हुदा तहा कर्यलायाबाट प्राप्त सूचना अनुसार मोडेल फर्म निर्माण कार्यक्रम ५० प्रतिशत अनुदान कार्यक्रममा सहभागी हुन इच्छुक रहेको हुदा नियम अनुसार उक्त कार्यक्रममा सहभागी हुन पाउ भनि यो निबेदन पेश गर्दछु

तपशिल

१. अनुसूची ३ अनुसार कार्ययोजना
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि / कृषि फर्मको हकमा
३. फर्म / समूह / समिति / सहकारी / कम्पनि सम्बन्धि निकायमा दर्ता भए को प्रमाणपत्रको प्रतिलिपि / PAN / कर चुक्ता को प्रतिलिपि

## अनुसूची ३

मोडेल फर्म निर्माण कार्यक्रम ५० प्रतिशत अनुदान कार्यक्रमको अवधारणाको सम्क्षिप्त कार्य योजना

उधमी युवा / युवतीको नाम थर :

ठेगाना :............................ गाउँ / टोल :........... वडा नं:........ गा. वि .स :............

जिल्ला : .........

संचालन गर्न खोजेको ............. सम्बन्धि ब्यबसाय र स्थान :

सहयोग स्वरूप माग गरेको अनुदान रकम / लगानी :

आफ्नो लगानी :

आफ्नो पारिवारिक क्षमता :

ब्यबसायबाट उत्पादन हुने बस्तु :

उत्पादित कृषि बस्तुको परिमाण :

बजारयोग्य परिमाण :

व्यवसायले वाताबरणमा नकारात्मक प्रभाब पार्छ / पार्दैन ?

फर्म / समूह /सहकारी / समितिको नाम ; सम्पर्क नं

ठेगाना ; गाउँ /टोल वडा नं गा .वि .स जिल्ला

ब्यबसाय संचालन गरिने स्थान ;

संचालन गरिने कार्य विवरण ;

| क्र . स | संचालन गरिने क्रियाकलाप | अनुदान सहयोग | निजि लगानी | जम्मा लगानी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

ब्यबसाय गरेको भए बिगत कति वर्ष देखि .............. निरन्तर गरिरहेको ? वर्ष ...............महिना .............ब्यबसायको लागि श्रमको ब्यबस्थापन : क) पारिवारिक ख) बाहिर बाट ग) दुवै

तर्फ बाट सहि गर्नेको

नाम ; सस्थाको छाप (सस्थाको हकमा )

पद ; मिति :

दस्तखत ;

# अनुसूची ४

**मोडेल फर्म निर्माण कार्यक्रम ५० प्रतिशत अनुदान कार्यक्रम संचालनको लागि गरिने सम्झौता**

**कृषि समुह अन्नपूर्ण र अन्नपूर्ण गाउँपालिका कृषि शाखा कास्की बीच भएको सम्झौता पत्र**

अन्नपूर्ण गाउँपालिका कृषि बिकाश शाखा (यस पछि पहिलो पक्ष भनिने) र **…………………कृषि समुह**.(मोडेल फर्म कार्यक्रम कास्की(यस पछि दोश्रो पक्ष भनिने) बीच साझेदारी/सहकार्यमा लागि आ.व. २०७९/८० मा संचालन गर्न तपशिल बमोजिमका शर्तका अधिनमा रही यो सम्झौता पत्रमा हस्ताक्षर गरी लियौं/दियौं

**तपसिल:**

१. छनोट गरिएको तरकारी बालीको उत्पादन र उत्पादकत्व वृद्धि गरि ब्यबसायीक तरकारी खेति मार्फत रोजगारी सृजना गर्ने र कृषकहरुको आय आम्दानी बढाउने लक्ष्यका साथ पकेट विकास कार्यक्रम संचालन गर्नुपर्नेछ।
२. मोडेल फर्म कार्यक्रममा संलग्न कृषकले कम्तिमा २ रोपनीमा तरकारी खेति गर्नुपर्ने छ
३. सामाग्रीहरुको खरिदको हकमा प्रथम पक्षसँग सुचिकृत हुन आएका फर्म वा विक्रेताबाट मात्र दोस्रो पक्षले खरिद गर्नु पर्नेछ साथै विषादी र विउ विजनको हकमा विक्रेताको इजाजतपत्रको प्रतिलिपि समेत समावेश गर्नु पर्ने छ ।
४. सम्झौता भएको मितिले १५ दिन भित्र कार्यक्रम शुरु गरिसक्नु पर्नेछ। सम्पूर्ण कार्यक्रमहरु सम्झौता भएको मिति देखि २ महिना भित्र सम्पन्न गरिसक्नु पर्नेछ।
५. पकेट बिकास कार्यक्रम स्थानीय कार्यविधि २०७९ अनुसार एक वटा साना व्यवसायीक मोडल फर्म कार्यक्रम संचालन गर्नुपर्नेछ। नेपाल सरकारको प्रचिलित आर्थिक ऐन/नियमावली एबं सार्वजनिक खरिद ऐन/नियमावली अनुसार कार्यक्रमको बजेट खर्च गर्नुपर्ने छ।

| क्र.स | संचालन गरिने कार्यक्रमको विवरण | इकाई | परिमाण | दर रु | जम्मा रु | समितिले वेहोर्ने रकम | कार्यालयले बेहोर्ने रु |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

६. प्रथम पक्षबाट दोश्रो पक्षलाइ पकेट विकास कार्यक्रमको लागि चालु खर्च अन्तरगत जम्मा बजेट रु. १०००००/-(एक लाख रुपैया मात्र) करकट्टी गरि उपलब्ध गराइनेछ। प्रथम पक्षले दोश्रो पक्षलाइ अनुदान रकम बढिमा २ किस्तामा उपलब्ध गराउने छ।
७. अनुदान रकम भुक्तानी गर्दा सम्बन्धित प्राविधिकबाट कामको मुल्यांकन एबं सिफारिसको आधारमा भुक्तानी गरिने छ।

८. सम्पूर्ण कार्यक्रमहरु दोश्रो पक्षले स्वयं गर्नु पर्ने छ । दोश्रो व्यक्ति वा संस्थालाई ठेक्कापट्टा दिई गराउन पाइने छैन गराएमा सम्झौता खारेज गरिने छ।
९. अनुगमन गर्दा सम्झौतामा उल्लेख भए बमोजिम क्षेत्रफल नपुग भएमा वा उपलब्ध गराइएको इस्टिमेट एबं निर्देशन अनुसार कार्यक्रम संचलान नभएको पाइएमा पहिलो पक्षले जानकारी गराई सम्झौता रद्द गरि नियमानुसार दोश्रो पक्षबाट सरकारी असुल उपर गरिनेछ ।
१०. यस सम्झौतामा उल्लेख नभएका अन्य कुरा दुइ संस्थाको आपसी समझदारी वा प्रचलित नियम कानुन अनुसार हुने /गराइने छ ।

| **दोश्रो पक्षको तर्फ बाट** | **संयोजक** | **पहिलो पक्षको तर्फ बाट** |
|---|---|---|
| नाम: | नाम: | नाम: |
| पद: | पद: | पद: |
| दस्तखत: | दस्तखत: | दस्तखत: |
| मिति: | मिति: | मिति: |
| संचालक समितिको छाप : | | कार्यालयको छाप: |

## अनुसूची ५

मोडेल फर्म निर्माण कार्यक्रम ५० प्रतिशत अनुदान कार्यक्रमको प्रगति विवरण पठाउने फारमको ढाचा

१. उधमी कृषकको २. संचालित ब्यबसाय

नाम ; नाम;

ठेगाना ; ठेगाना

३ आ . व ४. प्रगति प्रतिबेदन अवधि ; चौमासिक / बार्षिक

| क्र .स | कार्य विवरण | इकाई | लक्ष्य | प्रगति | आइपरेका बाधा अड्चनहरु | समाधानको लागि सुझाबहरु |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रति इकाई उत्पादित पदार्थ स्थानीय बजारको बिक्रि मूल्य :

१........... २............... ३..............

युवा उधमिको नाम; दस्तखत; मिति ;

ठेगाना :

## अनुसूची ६

मोडेल फर्म निर्माण कार्यक्रम ५० प्रतिशत अनुदान कार्यक्रमको प्रस्ताब मुल्यांकन फाराम

| क्र .स | द. न | आवेदकको नाम | ठेगाना | मुल्यांकन (१०० पूर्णङ्कमा गर्ने ) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | उधमिको ब्यबसाय प्रतिको अनुभब /तालिम (३०) | पेश गरेको कार्ययोजना (४०) | उक्त स्थानमा ब्यबसायको सम्भाव्यता उपयुक्त (१५) | वास्तविक लक्षित वर्ग (१५) | कुल प्राताङ्क (१००) |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

छनौट समितिका पधधिकरिका नाम , थर, पद ,दस्तखत र मिति :

१

२

३

**प्रमाणिकरण मिति : २०७९ भाद्र ५**

**राजपत्रमा प्रकाशित मिति : २०७९ भाद्र ५**

आज्ञाले,

**खेमराज देबकोटा**

**प्रमुख प्रशासकीय अधिकृत**